आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :१२

आज मिति २०८३/०१/०४ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/ वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | कार्यबहाक वडा अध्यक्ष | ६ नं. | श्री श्रीकुमार थापा |
| दाम ब. राना | कार्यबहाक वडा अध्यक्ष | ८ नं. | श्री दाम बहादुर राना मगर |
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पिताम्बर पोखेल |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुङ्गाना |
| | सहायक लेखा अधिकृत | गाउँपालिका | श्री शंकर चापागाई |

सूचना प्रविधि अधिकृत ,, श्री ध्रुव अर्याल

गाउँ कार्यपालिका बैठक कार्यसूची (२०८३/०१/०४)

| सि. नं. | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १. | शैक्षिक क्यालेन्डर कार्यान्वयन तथा विद्यालय संचालन सम्बन्धमा। | शिक्षा शाखा | |
| २. | आगामी आ.व. २०८३/८४ का लागि बस्ती स्तरबाट योजना छनौट सम्बन्धमा। | योजना शाखा | |
| ३. | एम्बुलेन्स संचालक समिति पूर्नगठन सम्बन्धमा। | स्वास्थ्य शाखा | |
| ४. | शासकीय सुधारका १०० बुँदा कार्यान्वयन सम्बन्धमा। (सार्वजनिक जग्गाको खोज तथा संरक्षण) | गाउँपालिका कार्यालय | |
| ५. | जलबायु नमुना कार्यक्रम कार्यान्वयन सम्बन्धमा | योजना शाखा | |
| ६. | सामाजिक परिक्षण र लैङ्गिक परिक्षण सम्बन्धमा। | गाउँपालिका कार्यालय | |
| ७. | आन्तरिक शिक्षक सरुवा व्यवस्थापन कार्यविधि-२०८३ सम्बनधमा। | शिक्षा शाखा | |
| ८. | दहत्तर बहत्तर चोरी निकासी नियन्त्रण सम्बन्धमा। | राजश्व शाखा | |
| ९. | विविध<br>• धोवादी बिरुवा सडकको डि.पि.आर. सम्बन्धमा।<br>• फुटकर योजनाका लागि बजेट विनियोजन सम्बन्धमा।<br>• आर्थिक सहायता सम्बन्धमा। | | |

सूर्य बहादुर कुँवर
अध्यक्ष

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा गाउँपालिका
स्याङ्जा
२०७२

मिति :२०८३/०१/०४

**निर्णय नं. १**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको २०८२/१२/२६ को पत्र अनुसार २०८३ को भर्ना अभियान तथा पठनपाठन सुरु गर्ने सम्बन्धमा पत्राचार भई आएकोमा बिरुवा गाउँपालिका क्षेत्रको जटिल भूगोलको कारण बर्षे विदाको समयमा अध्ययन अध्यापन गर्न कठिन रहेको, विधालय नियमित संचालन गर्दा पेट्रोलियम पदार्थको उपयोगितामा तात्विक फरक पर्ने अवस्था नदेखिएको र हालको प्रचलित व्यवस्थाबाट निर्धारित पाठ्यभार पुरा हुन नसक्ने देखिएकोले विद्यालय संचालनका सम्बन्धमा तपसिल बमोजिम गर्ने गरायने निर्णय गरियो।

**तपसिल :**

- विद्यालय भर्ना अभियान २०८३/०१/०७-०९ गतेसम्म संचालन गर्ने।
- २०८३/०१/१० गतेदेखि नियमित पठनपाठन संचालन गर्ने।

**निर्णय नं. २**

बिरुवा गाउँपालिकाको आगामी आ.ब.२०८३/८४ को बार्षिक बजेट तथा कार्यक्रम निर्माणका लागि वडा कार्यालयहरुले २०८३ बैशाख मसान्तभित्र टोल र बस्तीस्तरबाट योजना छनौट गरिसक्ने तथा २०८३ जेठ १५ गतेभित्र वस्तीस्तरबाट संकलन गरिएका तथा वडा कार्यालय अन्तर्गतका योजनाहरु विद्यमान कानुनी व्यवस्था, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तय गरेको वडागत बजेट सिलिङ र बजेट निर्माण मार्गदर्शनको अधिनमा रही प्राथमिकताका आधारमा गाउँपालिका कार्यालयमा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ३**

बिरुवा गाउँपालिकाको एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम एम्बुलेन्स संचालक समितिको अध्यक्षमा वडा नं १ का वडा अध्यक्ष श्री राजेन्द्र कुमार के.सी. लाई मनोनित गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ४**

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२/१२/१३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीहरुको बारेमा छलफल गरी बिरुवा गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने कार्यसूचीहरुको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो। साथै बिरुवा गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी र सार्वजनिक जग्गाहरुको विवरण तयार गरी संरक्षणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा गाउँपालिका
स्याङ्जा
२०७३

निर्णय नं. ५

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रममा शशर्त कार्यक्रमको रुपमा समावेश नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वयनका लागि निर्धारित क्षेत्रमा तपसिल बमोजिम उपभोक्ताको लागत सहभागिता रहने गरी संचालन गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.स. | क्रियाकलाप/उप क्रियाकलाप | प्रस्तावित बजेट रु. लाखमा | उपभोक्ताको साझेदारी (प्रतिशत) |
|---|---|---|---|
| १ | स्थानीय जलबायु अनुकुलन कार्ययोजन निर्माण | ५ | |
| २ | कृषि तथा खाद्य सुरक्षा | | |
| क. | सिंचाई कुलो मर्मत | ५ | १० |
| ख. | किफायती सिंचाई प्रविधि (थोपा सिंचाई) | २ | २५ |
| ग. | व्यावसायीक फलफुल तथा टनेल खेती | ३ | २५ |
| | जम्मा | १० | |
| ३ | वन, जैविक विविधता तथा जलाधार | | |
| क | वायो इन्जिनियरीङ्ग प्रयोग गरी गल्छी, पहिरो, बाढी रोकथाम, क्षति ग्रस्त भुमिको पुनस्थापन, पानीको मूहान संरक्षण एवम् जल पूर्नभरण पोखरी निर्माण गरी जलाधार संरक्षण | ७.५ | १० |
| | जम्मा | ७.५ | |
| ४ | जलस्रोत तथा उर्जा | | |
| क | सौर्य, वायोग्यास, लघुविद्युत, जस्ता सफा उर्जाको उत्पादन तथा उपयोग एवम् किफायती प्रविधि (जस्तौ सुधारीएको चुल्हो) पर्वद्धन<br>अ. सुधारीएको चुल्हो | १० | १० |
| | जम्मा | १० | |
| ५ | विविध | | |
| क. | पर्यापर्यटन प्रर्वद्धन तथा हरित पैदल मार्गको व्यवस्थापन | १३ | १० |
| ख. | प्राकृतिक तथा सांस्कृतीक सम्पदाको संरक्षण | २ | १० |
| ग. | जलबायू परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम (माध्यमिक विद्यालयहरुमा इको क्लब गठन समेत) | १ | |
| | जम्मा | १६ | |
| ६ | प्रगति समिक्षा, अनुगमन, मुल्याङ्कन र प्रतिवेदन | | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| क. | प्रगती समिक्षा | ०.५ | |
| ख. | अनुगमन | ०.७ | |
| ग. | मुल्याङ्कन/प्रतिवेदन | ०.३ | |
| | **जम्मा** | १.५ | |
| | **कुल जम्मा** | ५० | |

**निर्णय नं. ६**

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रममा समाबेश परामर्श सेवा खर्च शिर्षकबाट बिरुवा गाउँपालिकाको सामाजिक परिक्षण र लैङ्गिक परिक्षण गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

बिरुवा गाउँपालिकाको कार्यपालिकामा पेश भएको तपसिल कार्यविधिमाथी छलफल गरी सर्वसम्मतिले स्वीकृत गरियो।

**तपसिल :**

- बिरुवा गाउँपालिकाको आन्तरिक शिक्षक सरुवा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८३

**निर्णय नं. ८**

बिरुवा गाउँपालिका क्षेत्रभित्र बहने नदी तथा अन्य सार्वजनिक र निजी जग्गाहरुबाट ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) चोरी निकासी नियन्त्रण सम्बन्धमा तपसिल बमोजिम गर्ने गराउने निर्णय गरियो।

क. बिरुवा गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक र निजी जग्गाहरुबाट ढुङ्गा, गिटी, बालुवा लगायतका (दहत्तर बहत्तर) उत्खनन् तथा संकलन गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाको स्वीकृती वा तोकिए बमोजिमको राजश्व (प्रति घनमिटर रु २८० र प्रति ट्र्याक्टर रु ७००) दाखिला गरी संकलन गर्नसक्ने व्यवस्था गर्ने गराउने निर्णय गरियो।

ख. बिरुवा गाउँपालिका क्षेत्रभित्र बहने नदी तथा अन्य सार्वजनिक र निजी जग्गाहरुबाट ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) को चोरी निकासी भएको पाईएमा तपसिल बमोजिम जरिवाना

गर्नेगरी दररेट कायम गर्ने निर्णय गरियो साथै जरिवाना बापत उठेको रकमको २५ प्रतिशत रकम चोरी निकासी कार्य नियन्त्रणका लागि पक्राउ गरी सहयोग गर्ने स्थानीय सुरक्षा निकायलाई उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल :**

| उत्खनन् तथा ढुवानीमा प्रयोग हुने साधन | जरिवानाको दररेट रु | | |
|---|---|---|---|
| | प्रथम पटक | दोस्रो पटक | तेस्रो पटक र त्यसभन्दा पछी प्रत्येक पटक |
| ट्र्याक्टर | १०,०००/- | १५,०००/- | २०,०००/- वा प्रयोग भएको साधन जफत वा दुवै |
| ६ चक्के ढुवानीका साधन | १५,०००/- | २०,०००/- | २५,०००/- वा प्रयोग भएको साधन जफत वा दुवै |
| ब्याक हु लोडर | १५,०००/- | २०,०००/- | २५,०००/- वा प्रयोग भएको साधन जफत वा दुवै |
| एक्साभेटर | २०,०००/- | २५,०००/- | ३०,०००/- वा प्रयोग भएको साधन जफत वा दुवै |

**निर्णय नं. ९**

क. विरुवा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश विभिन्न प्रयोजनका डि.पि.आर शिर्षकको रकमबाट तपसिल योजनाहरुको डि.पि.आर गर्ने निर्णय गरियो।

**तपसिल :**

- धोवादी बिरुवा सडक, विरुवा

ख. बिरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो।

**तपसिल :**

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा गाउँपालिका
स्याङ्जा
२०७३

| क्र.स. | योजनाको नाम/विवरण | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | धोवादी पँधेरा मर्मत | बिरुवा-३ | २५,०००/- | |
| २. | मनखन्ने हुदै हेगडाँडा जाने बाटो मर्मत | बिरुवा १ | २०,०००/- | |

ग. बिरुवा गाउँपालिकामा विभिन्न मितिहरुमा तपसिल व्यक्ति/संस्थाहरुबाट आर्थिक सहयोग/प्रस्ताव पेश हुन आएकोले देहाय अनुसारको बजेट शीर्षकबाट उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिका राष्ट्रिय महासंघ (सदस्यता नविकरण शुल्क) | | ३०,०००/- | |
| २. | नेपाल पत्रकार महासंघ स्याङ्जा | | ३०,०००/- | |
| ३. | बिरुवा मनकामना कप व्याडमिन्टन | | ७०,०००/- | |
| ४. | ईन्द्रेणी युवा क्लब बिरुवा १ | | ३०,०००/- | |

घ. बिरुवा गाउँपालिकाको आयोजनामा २०८३/०१/०७ गते बिरुवा गाउपालिका वडा नं. ७ तल्लो बलेउमा भएको एकिकृत घुम्ती शिविर व्यवस्थापनमा बिल बमोजिम खर्च भएको रकमलाइ अनुमोदन गरी कार्यक्रम खर्चबाट उक्त रकम भुक्तानी दिने निर्णय गरियो।

ङ. बिरुवा गाउँपालिका वार्ड नं ७ को लामडाडा खानेपानी आयोजनमा आगोलागी भइ पाइप क्षति भएकोले रु २५ हजार सम्म उक्त आयोजनालाइ रकम उपलव्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत